# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाडौंद्वारा प्रकाशित

खण्डः ४) काठमाडौँ, असार २८ गते, २०७७ साल संख्याः३


## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# <u>गोकर्णेश्वर नगरपालिकाको विनियोजन ऐन, २०७७</u>

सम्वत् २०७७ सालको ऐन नं. ३


मूल्य रु : ५२/-

गोकर्णेश्वर नगरपालिकाको आ.ब. २०७७|०७८ को पाँचौ नगर सभाबाट स्वीकृत बिनियोजन ऐन अनुसार स्थानीय संचित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ,ऐन, २०७७

**प्रस्तावनाः**गोकर्णेश्वर नगरपालिकाको आर्थिक बर्ष २०७७|०७८ को सेवा र कार्यहरुको लागि संचितकोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संबिधानको भाग १९ धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम“गोकर्णेश्वर नगरपालिकाको बिनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०७७|०७८ को श्रावण १गते बाट प्रारम्भ हुने छ ।

२. **आर्थिक बर्ष ०७७|७८ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष ०७७|७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरु संचालनका लागि अनुसूचीहरुमा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. १,८७,०५,०६,०००|- (अक्षरोपी एक अर्ब सतासी करोड पाँचलाख छ हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट रकम खर्च गर्न सकिने छ ।

(२) उपदफा १ मा भएको व्यवस्था बाहेक बन्दाबन्दीको कारण आ.व. २०७६।०७७ मा विनियोजन भई कार्यान्वयन हुन नसकेको आयोजनाहरु आर्थिक बर्ष २०७७।०७८ मा कार्यान्वयन गरी सो को भूक्तानी रु १५,००,००,०००।-अक्षेपी रु पन्ध्र करोड मात्र समेत संचितकोष वाट रकम खर्च गर्न सकिनेछ।

## ३. बिनियोजनः

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७७। ०७८को निमित्त गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिने छ ।

(२) उपदफा १ म ाजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिसत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुजिगत र बित्तिय व्यवस्थातर्फ बनियोजन रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र

बित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्ने छ तर चालु तथा पुजिगत खर्च र बित्तीय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि मागमा आधारित तथा नगरस्तरीय पूर्वाधार बिकासका बिशेष कार्यक्रमका लागि एकमुष्ट बिनियोजन गरिएको रकमलाई कार्यबिधि बनाई कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

(५) फुटकर तथा आकस्मिक योजना संचालन गर्न कार्यपालिका बैठकले आवश्यक ब्यवस्थागर्न सक्ने छ ।

नगर सभाबाट स्वीकृत मितिः२०७७।३।१८
प्रमाणीकरण मितिः**२०७७।३।१८**

आज्ञाले,
नरहरि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत